का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ फागुन २०७८,
बिहीबार
3 March 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक २६ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

# असफल यात्रा

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको मतभेद हल नगरी पार्टी विभाजन र प्रतिनिधिसभा विघटनतिर अगाडि बढेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली राष्ट्रिय राजनीतिक निर्णयहरुमा लगातार असफल हुँदै आएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ फागुन ।

प्रमुख विपक्षी दल नेकपा एमालेले अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) राष्ट्र हितको प्रतिकुल हुनेगरी कार्यान्वयन हुनुपर्ने बताएको छ । एमसीसीबारे धारणा सार्वजनिक गर्न मंगलबार पत्रकार सम्मेलन गर्दै अध्यक्ष केपी शर्मा ओलीले एमसीसी कार्यान्वयनमा लैजानुपर्ने बताए । एमसीसीबारे एमालेले १२ बुँदे बक्तव्य नै जारी गरेको छ ।

१२ बुँदे बक्तव्यमा एमसीसीबारे निर्णय लिने प्रक्रियामा सहभागी हुनबाट एमालेलाई बञ्चित गरिएको उल्लेख छ । ओलीले पनि एमसीसीबारे निर्णय लिने अवसरबाट एमालेलाई बञ्चित गराइएको बताए । तर अब एमसीसी पक्ष र विपक्षको बहस आवश्यक नरहेको ओलीले बताए । एमालेले एमसीसीलाई अब नगिजोल्न राष्ट्रिय संकल्प आवश्यक रहेको जनाएको छ ।

व्याख्यात्मक घोषणासहित एमसीसी अनुमोदन हुँदा एमालेले संसदीय प्रक्रियामै सहभागी जनाएको थिएन । आफ्नो माग पूरा नभएको भन्दै एमालेले रोष्टम घेराऊ र नाराबाजीलाई कायम राखेको थियो । एमसीसी अनुमोदन भएपछि भने एमालेले आफ्नो धारणा सार्वजनिक गर्दै सत्ता गठबन्धनकै कारण समस्या आएको बताएको छ ।

एमालेले व्याख्यात्मक घोषणाको कुनै अर्थ निष्कर्षसहित यथास्थितिमै अनुमोदन भएको तर्क गरेको छ । व्याख्यात्मक घोषणालाई लाज छोप्ने ताला मात्रै भएको जनाएको छ । तर गठबन्धनले भने व्याख्यात्मक घोषणाले एमसीसी राष्ट्रहितमा हुन पुगेको तर्क गरेको छ ।



अध्यक्ष ओलीले भने आफूलाई प्रधानमन्त्रीबाट हटाउनका लागि मात्रै एमसीसी विवादित बनाइएको बताए । एमसीसीमा कुनै भ्रम र तर्क नभइ राष्ट्रिय सहमति आवश्यक रहेको एमालेको तर्क छ । तर एमालेलाई एमसीसी अनुमोदनका निम्ति प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले पटकपटक आग्रह गरेका थिए । ६ फागुनमा ओलीको निवास बालकोट नै पुगेर एमसीसी अनुमोदनमा साथ दिन प्रधानमन्त्री देउवाले आग्रह गरेका थिए । एमाले नेताहरुसँग प्रधानमन्त्री देउवाले १२ फागुनसम्म चरणबद्ध छलफल गरेका थिए । नेकपा माओवादी केन्द्रले पनि एमसीसी अनुमोदनका निम्ति सहमतिको प्रस्ताव गरेको थियो ।

तर ओलीले आफ्नो राजनीतिक माग पुरा हुनुपर्ने सर्त राखेका थिए । ओलीले एमसीसीबारे निर्णय लिने अवसरबाट बञ्चित गराइएको तर्क गरेका छन् । एमसीसीको अनुमोदनको पक्षमा ओली बितेको तीन वर्षदेखि अडान लिदै आएकाले पनि साथ पाउने देउवा र प्रचण्डको अपेक्षा देखिन्छ । तर एमालेभित्र विपक्षमा मतदान गर्नुपर्ने दबाव समेत थियो । भीम रावल र झपट रावलले विपक्षमै मतदान गरे । तर एमालेले भने राष्ट्रिय महत्वको विषयमा कुनै निर्णय लिएन । जबकी ओलीलाई प्रष्ट निर्णय लिने नेताका रुपमा चिनिने गरेको थियो । तर यसपटक ओलीले प्रष्ट निर्णय गरेन । एमसीसी अनुमोदन भएपछि भने सत्ता गठबन्धनले यसअघि यो विषय गिजोलेकाले अव कार्यान्वयन गर्नुपर्ने धारणा सार्वजनिक गरेको छ ।

हुन त एमाले अध्यक्ष केपी शर्मा ओली पछिल्लो राजनीतिक निर्णयहरुमा एकपछि अर्को असफल हुँदै आएका छन् । प्रतिनिधिसभा विघटनको निर्णयबाट त्यो क्रम अगाडि बढेको छ । ओलीले दुई पटक गरेको प्रतिनिधिसभा विघटनको निर्णय सर्वोच्च अदालतले बदर गरिदिएको थियो ।

त्यसअघि ८ वैशाख २०७७ मा दल विभाजन सम्बन्धी अध्यादेश र संवैधानिक परिषद् सम्बन्धी अध्यादेश आफैले फिर्ता लिका थिए । प्रतिनिधिसभा विघटनको निर्णयकै कारण ओली प्रधानमन्त्रीबाट पदमुक्त भए । ओली २०७४ को निर्वाचनपछि पाँच वर्षे सरकार चलाउने जनमतसहित प्रधानमन्त्री भएका थिए । प्रधानमन्त्रीबाट पदमुक्त भएपछि लगत्तै सर्वोच्चको फैसलाविरुद्ध ओली उभिएका थिए । तर फेरि फैसला बमोजिम बसे ।

परमादेश प्रधानमन्त्री भनेर देउवालाई आरोप लगाउने ओली सर्वोच्चका प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको पक्षमै अहिले देखिएका छन् । सरकारसँग कोटामा मन्त्री भागबण्डा लिएपछि विकसित घटनाक्रममा जबराविरुद्ध सत्ता गठबन्धनले महाअभियोग लगाएको छ । तर त्यो महाअभियोगको विपक्षमा उभिएको ओलीले बाँकी चार न्यायाधीश र सभामुख अग्निप्रसाद सापकोटाविरुद्ध महाअभियोगको तयारी गरेका थिए । तर त्यो निर्णय अगाडि बढाउन अवस्थामा ओली छैनन् ।

गएको २३ भदौदेखि लगातार प्रतिनिधिसभा अवरोध गर्दै सभामुख विरुद्ध एमाले उभिएपनि संसदको कामकार्बाही रोकिएको छैन । ओली नेतृत्वको एमाले विभाजित हुन पुगेको छ ।

## परराष्ट्र नीतिमाथि प्रश्न
# युक्रेनको पक्षमा उभिनु ठीक ?



रुस-युक्रेन युद्धपछि युक्रेनमा अध्ययनरत भारतीय विद्यार्थी इन्दिरागान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुगेपछि अभिभावकसँग । तस्वीरः एपी

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १८ फागुन ।

नेपालले संयुक्त राष्ट्र संघको मानव अधिकार परिषदमा युक्रेनको पक्षमा भोट हालेपछि समर्थन र विरोधमा आवाज उठ्न थालेको छ । असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै आएको नेपालले कसैको समर्थनमा भोट हाल्न नहुने विषय उठेपनि केही जानकारले भने नेपालको निर्णय उचित भएको बताएका छन् ।

नेपालजस्तै एउटा सानो मुलुकलाई ठूलो मूलुकले दमन गर्दा आवाज उठाउनु यथोचित हुने परराष्ट्र मामिलाका जानकार डा.मोहन लोहनी बताउँछन् । "नेपालले पक्षमा मत हालेर एकदमै ठीक गरेको छ । लगातार भएको दमनविरुद्ध हामीले आजाव उठाउनै पर्छ", डा लोहनी भन्छन् । सानो मुलुकमाथि हुने दमनमा नेपाल तटस्थ बस्नु न्यायोचित नहुने उनको भनाई छ ।

गत मंगलबार राति प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिन्केनसँग टेलिफोनमा कुराकानी गरेर युक्रेनको सार्वभौमसत्ताका पक्षमा रहेको बताएका थिए । "हामीले युक्रेनमाथि रूसले – बाँकी पृष्ठ २ मा

## भिजिट भिसा रोकिँदा जहाज भाडा ह्वात्तै घट्यो
# रोजगारीमा जाने कामदार र व्यवसायी दुबैलाई लाभ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ फागुन

सरकारले खाडी तथा मलेसियामा भिजिट भिसामा जान कडाइ गरेपछि ती गन्तव्यमा जहाज टिकटको भाडामा ४० प्रतिशतसम्मले कमी आएको छ । सरकारले कोरोना भाइरस संक्रमण र बढ्दो जोखिमका कारण भिजिट भिसामा मध्यपूर्वका विभिन्न मुलुक र मलेसिया भ्रमणमा माघ १० गतेदेखि रोक लगाउने आदेश जारी गरेको थियो ।

भिजिट भिसामा अत्यधिक मात्रामा जाने बेला ४२ हजार रुपैयाँसम्म पुगेको यूएईको भाडा बुधबार २६ हजार रुपैयाँमा झरेको छ । टिकट पनि सहजै पाउने गरिएको केही दिनअघि यूएई गएर फर्किएका नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्व अध्यक्ष एवं बाबा ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.का सञ्चालक प्रज्ञान न्यापानेले मध्यान्हलाई बताए । उनले भने, 'यसबाट वैदेशिक रोजगारीमा जाने विपन्न अवस्थाका कामदारको लागत



घटेर केही राहत भएको छ ।'

भिजिट भिसामा जान अन्यलाई रोक लगाइएको भए पनि बजार प्रवर्द्धनका लागि जाने वैदेशिक रोजगार व्यवसायीहरूलाई रोक लगाइएको छैन । टिकटको मूल्य घटेपछि खाडीका मुलुक र मलेसिया जाने वैदेशिक रोजगार व्यवसायीले पनि राहत पाएका छन् ।

कोरोना महामारीका कारण करिब बन्द अवस्थामा पुगेको वैदेशिक रोजगार भाइरसविरूद्धको खोप आएपछि केही महिनायता पुरानो लय पहिल्याउन प्रयासरत रहेपनि बढ्दो – बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## कल्याणकारी कोषको रकम श्रमिकको हितमा

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले राष्ट्रियस्तरको कल्याणकारी कोषको रकम श्रमिकको हकहितमा उपयोग गर्ने प्रतिबद्धता जनाएका छन् । राष्ट्रियस्तरको कल्याणकारी कोषको सचिवालयले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा उनले श्रमिकको नामको रकम लक्षित वर्गको हितकै लागि खर्च गर्नेतर्फ सरकार, रोजगारदाता तथा क्रियाशील ट्रेड युनियनबीच गम्भीर छलफल गरी ठोस् कदम चालिने बताए ।

श्रमिकको हकहितका लागि उपयोग गर्ने गरी स्थापित राष्ट्रिय कल्याणकारी कोषलाई पारदर्शी र प्रभावकारी बनाइने बताउँदै मन्त्री श्रेष्ठले कानूनअनुसार कोषमा रकम जम्मा गर्न प्रतिष्ठानलाई आग्रह गरे । ऐन-कानुनमा प्रष्ट नभएका प्रावधानलाई उपयुक्त व्याख्या र आवश्यकता पर्दा संशोधन गरेर भए पनि राष्ट्रियस्तरको कल्याणकारी कोषको उपयोगिता बढाउनुपर्नेमा उनले जोड दिए ।

'हजारौँको संख्यामा रोजगारदाता प्रतिष्ठान भए पनि ३४० वटाले – बाँकी पृष्ठ २ मा

जेष्ठ नागरिकको सम्मान गरौं
सभ्यताको परिचय दिऔं ।

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गगरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बाबुरामको नजर

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ फागुन ।

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले बोलाएको कार्यकारिणी समितिको बैठकमा केन्द्रीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई समूह अनुपस्थित भएको छ । अध्यक्ष यादवले बुधबार दिउँसो तीन बजे कार्यकारिणी समितिको बैठक बोलाएका थिए । तर भट्टराई पक्ष अनुपस्थित भएपछि यादव समूहको मात्रै बैठक बसेको छ ।



भट्टराईले खसआर्य, जनजाति र मधेश क्लस्टरका आधारमा तीन अध्यक्षको प्रस्ताव गरेका छन् । यादवले भने एकल अध्यक्ष हुने अडान लिएका छन् ।

बैठकले १४ फागुनमा तीन शीर्ष नेताबीच जुटेको सहमति अनुमोदन गरेको छ । अमेरिकी सहायता परियोजना मिलिनियम च्योलेन्ज कर्पोरेसन (एमसीसी) बारे जसपाले साझा निर्णय गरेको थियो । जसपाले एमसीसीको पक्षमा मतदान गर्ने निर्णय गरेको हो । एमसीसीमै पनि जसपाभित्र समान मत थिएन । भट्टराई एमसीसी अनुमोदनका पक्षमा थिए ।

तर उपेन्द्र यादव र अशोक राई समूह भने संशोधनबिना एमसीसी अनुमोदन गराउने पक्षमा थिएन । व्याख्यात्मक घोषणा सहित एमसीसी प्रतिनिधिसभामा पेश हुनेभएपछि जसपाले एकमत पक्षमा मतदान दिएको थियो । एमसीसीमा एकमत देखिएपछि यादवले कार्यकारिणी समितिको बैठक राखेका थिए ।

भट्टराई पक्षले भने एकपक्षीय रुपमा बैठकको मिति तोकिएको भन्दै अनुपस्थित भयो । जसपाबाट महन्थ ठाकुर समूह अगल भइसकेको छ । प्रतिनिधिसभा विघटन गर्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको निर्णयबारे मतभेद – बाँकी पृष्ठ २ मा

# एमाले भर्सेज सभामुख

**मध्यान्ह संवाददाता**
सुर्खेत, १८ फागुन ।

सभामुख अग्निप्रसाद सापकोटाले प्रमुख विपक्षी नेकपा एमालेको बक्तव्यप्रति आपत्ति जनाएका छन् । एमालेको बक्तव्यप्रति आपत्ति जनाउँदै सभामुख सापकोटाको सचिबालय मार्फत् आपत्ति जनाएका छन् । अमेरिकी सहायता परियोजना (एमसीसी) बारे सभामुख सापकोटाको भूमिकाप्रति एमालेले प्रश्न उठाएको थियो ।

मंगलबार पत्रकार सम्मेलन गरी एमालेले सभामुख सापकोटा नेकपा माओवादी केन्द्रको कार्यकर्ता भन्दा माथि उठ्न नसकेको आरोप लगाएको थियो । एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा सभामुख सापकोटाले एमसीसी अगाडि बढाउनुपरे आत्महत्या गर्छु भनेको एमालेको बक्तव्यमा उल्लेख छ । तर अहिले माओवादी केन्द्रको कार्यकर्ता बनेर एमसीसी अगाडि बढाएको अध्यक्ष ओलीले भनेका थिए ।

एमालेको उक्त अभिव्यक्तिप्रति सभामुख सापकोटाले आपत्ति बक्तव्य जारी गरेका हुन् । ओलीले मंगलबार – बाँकी पृष्ठ २ मा

कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Accountant: 2 Male (Salary :Negotiable)
Recruitment Manager: 2 Male/ Female (Salary :60000)
Office Secretary: 2 Male/ Female (Salary :40000)
PRO: 4 Male/ Female (Salary :40-50000)

सम्बन्धित काममा दक्ष भएकालाई प्राथमिकता दिईनेछ ।
म्यानपावरमा २ वर्षको अनुभव भई विभाग सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्दछ ।
कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको र अंग्रेजी राम्रो सँग बोल्न र लेख्न सक्ने हुनुपर्दछ ।

Email: gokulmobhira@gmail.com
Contact: 9851012988, 9801146233

Mobhira Recruitment Consultancy Service Pvt. Ltd.
Budhanilkantha-06, Hatigauda, Kathmandu

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१९ फागुन २०७८, बिहीबार
3 March 2022, Thursday

# ल्याइयो हराएका पुरातात्विक सम्पदा



**काठमाडौं/मस–** नेपालको चौधौंदेखि १७ औं शताब्दीका पुरातात्विक सम्पदा स्वदेश ल्याइएको छ। चोरी गरी अमेरिका पुऱ्याइएका सम्पदाले सयौं वर्षपछि नेपाल ल्याइएको हो।

अमेरिकाबाट ल्याइएको तीन थान सम्पदा एक समारोहबीच बुधबार पुरातात्विक विभागलाई हस्तान्तरण गरिएको छ। हस्तान्तरण समारोहमा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले र सचिव महेश्वर न्यौपानेको उपस्थिति थियो। अमेरिकाको एक संग्रहालय र एक ग्यालरीमा राखिएका उक्त (तीन थान) सम्पदा कूटनीतिक पहल गरी स्वदेश ल्याइएको छ। यसरी ल्याइएकामा काठको कलात्मक तोरण, उडिरहेको गन्धर्वको आकृति कुँदिएको काष्ठकला र मल्लकालीन ध्यानमुद्रामा रहेको प्रस्तरको बुद्धको मूर्ति छ।

फिर्ता गरिएका पुरातात्विक महत्वका तीन वस्तुमध्ये 'रुबिन म्युजियम अफ आर्ट' अमेरिकाबाट प्राप्त भएका दुई वटा छन्। जसमध्ये एउटा सत्रौं शताब्दीको कलात्मक काष्टतोरण छ, जुन ललितपुरको यम्पीमहाविहार (इवही) को प्रवेशद्वारमाथि रहेकामा मर्मत गर्ने क्रममा झिकिएको थियो। सन् १९८५ पछि कुनै वर्ष उक्त वस्तु चोरी भएको थियो। अर्को १४ औं शताब्दीतिरको उडिरहेको गन्धर्वको आकृति कुँदिएको काठको कलात्मक वस्तु छ। उक्त सम्पदा काठमाडौं महानगरपालिका-२४ को इटुम्बहाल परिसरमा रहेको शाक्यको कूलपूजा गर्ने देवाली घरको अगाडि पहिलो तलामा रहेको दायाँतर्फको झ्यालमा थियो।

सन् १९९७ मा उक्त सम्पदा हराएको थियो। यसरी हराएको सम्पदा विभिन्न माध्यम हुँदै अन्त्यमा दातामार्फत उपहारको रूपमा अमेरिकाको उक्त संग्रहालयमा पुगेको पाइएको छ। उक्त वस्तु फिर्ताका लागि म्युजिएमले आफ्नै प्रयासमा अध्ययन गरी स्वेच्छिक रूपमा दिने आशय प्रकट गरेपछि कूटनीतिक पहलमा ल्याइएको हो। सम्पदा लिएर उक्त म्युजिएमका कार्यकारी निर्देशक जारिट वित्स्ची र उक्त संग्रहालयका प्रबन्ध निर्देशक मिचेल वेनेट सिमोरेल्ला आएका थिए। संग्रहालयले आफ्नै खर्चमा सम्पदा ल्याएको जानकारी गराइएको छ।

त्यस्तै, अर्को एउटा भने अमेरिकाको न्युयोर्कस्थित तिबेत हाउस ग्यालरीबाट ल्याइएको हो। १३ औं शताब्दीको मल्लकालीन ध्यानमुद्रामा रहेको प्रस्तरको बुद्धको मूर्ति छ। उक्त मूर्ति श्री सभानन्दा नामका बौद्ध अनुयायीले उक्त स्थानमा संरक्षण गरी राख्नू भनी उपहारस्वरूप छाडेर गएका पाइएको छ। उक्त मूर्ति काठमाडौंको ओमबहालस्थित न्हुछेबहाको रहेको छपाइएको छ। त्यहाँबाट कसैले चारी गरी लगेको थियो। उक्त मूर्तिको मूल्य ३० हजार डलर (रु ३० लाख बढी) छ।

१७औं शताब्दीको काठको कलात्मक तोरणको मूल्य एक लाख १० हजार अमेरिकी डलर (रु एक करोड १० लाख बढी) र १४औं शताब्दीको उडिरहेको गन्धर्वको आकृति कुँदिएको काष्ठकला २२ हजार डलर (रु २२ लाख बढी) मूल्यको रहेको पुरातत्व विभागले जनाएको छ।

विभागद्वारा बुधबार आयोजित सम्पदा हस्तान्तरणका क्रममा मन्त्री आलेले सांस्कृतिक धरोहर प्राप्त भएकोमा खुसी व्यक्त गर्दै आफ्नै खर्चमा नेपाल ल्याएर हस्तान्तरण गरेकोमा संग्रहालयका प्रतिनिधिलाई धन्यवाद दिए।

कला सम्पदाले भरिपूर्ण नेपाल सांस्कृतिक पुरातात्विक महत्वका हिसाबले विश्वमै विशिष्ट पहिचान बोकेको मुलुक हो। पहिचानको धरोहरका रूपमा रहेको नेपालका यस्ता सांस्कृतिक सम्पदा नाश हुने क्रम जारी छ। चोरी-तस्करी सबैभन्दा ठूलो चुनौतीको रूपमा रहेको छ।

# पोखरामा भेटियो बर्डफ्लु

**गण्डकी/मस**-पोखरामा बर्डफ्लू रोग भेटिएको छ। पोखरा महानगरपालिका-१५ र १७ का घरपालुवा कुखुरा र हाँसमा बर्डफ्लुको संक्रमण भेटिएको हो। ती वडामा आज खटिएको प्रविधियुक्त टोलीले २०० भन्दाबढी सङ्ख्यामा कुखुरा, हाँस र बट्टाईसहित प्रयोग हुने दाना, सुलीलगायतका पक्षी र पक्षीजन्य पदार्थ नष्ट गरिएको जिल्ला बर्डफ्लु रोग नियन्त्रण समिति कास्कीका सञ्चार अधिकृत डा.ग्रीष्म न्यौपानेले जानकारी दिए।



उनले भने, 'उक्त क्षेत्रमा व्यावसायिक फार्म नभए पनि खुला जग्गा र घरको छतमा राखेर पाल्ने संख्या सोचेभन्दा बढी भेटिएको छ।' दुवै स्थानमा बुधबारदेखि फागुन २७ गतेसम्म पक्षी र पक्षीजन्य पदार्थको ओसारपसारमा समेत रोक लगाइएको उनको भनाइ छ।

पोखरा-१५ सीताराम पुल नजिक सिद्धिमार्ग अलस्कापुर टोलका खुशीमान गुरुङ र पोखरा-१७ घारीपाटन हिमाल दूध डेरी नजिक खेमबहादुर क्षेत्रीले पालेको स्थानीय जातका कुखुरामा बर्डफ्लु भाइरस देखिएको बताइएको छ।

स्थानीयवासी खुशीमान र खेमबहादुरले घरमा पालेका कुखुरा र हाँस धमाधम मर्न थालेपछि जिल्ला प्रयोगशालामा ल्याई आरडिटी परीक्षण गर्दा पोजेटिभ देखिएसँगै थप परीक्षणका लागि काठमाडौं पठाइएकामा एकैदिन फागुन १५ गते दुवै स्थानमा संक्रमण पुष्टि भएको हो।

---

मेडिकल कलेजसहितको श्रमिक अस्पतालमा श्रमिकका सन्तानले मेडिकल शिक्षा पढ्न पाउने व्यवस्था गरिने बताए। श्रमिक आपूर्तिकर्ता मुलुकले अस्पताल निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएको उनले बताए।

कार्यक्रममा राष्ट्रियस्तरको कल्याणकारी कोषका अध्यक्ष तथा मन्त्रालयका सचिव एकनारायण अर्यालले राष्ट्रियस्तरको कल्याणकारी कोषमा रकम जम्मा गर्नु बाध्यात्मक व्यवस्था रहेको बताउँदै दण्ड पुरस्कारको व्यवस्था गरिने बताए।

कार्यक्रममा रोजगारदाता परिषद्का अध्यक्ष रामचन्द्र साङ्वाइ, संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका अध्यक्ष प्रेमलकुमार खनाल, ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्य, जिफन्टका उपाध्यक्ष विदुर कार्कीलगायतले राष्ट्रियस्तरको कल्याणकारी कोषलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए।

बोनस ऐन, २०३० को दफा ५ अनुसार मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको १० प्रतिशत बराबरको रकम श्रमिकलाई बोनसबापत छुट्याउनै पर्ने कानुनी प्रावधान गरिएबमोजिम मुनाफामा श्रमिकलाई समेत हिस्सेदार बनाउने नेपालमा पहिलो कानूनी व्यवस्था भएको थियो।

सोही ऐनको दफा १३ मा कल्याणकारी कोषमा रकम जम्मा गर्नुपर्ने प्रावधान राखियो। निजीस्तरका प्रतिष्ठानको हकमा बोनसबापत छुट्ययाइएको रकममध्ये बोनस वितरण गरेपछि बाँकी रहन आएको रकमको ७० प्रतिशत प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा र बाँकी ३० प्रतिशत प्रतिष्ठानको कर्मचारी हकहितका लागि व्यवस्था गर्न नेपाल सरकारले खडा गरेको राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा गरिने कानुनी प्रवधान छ।

विसं २०५६ बाट मात्र कल्याणकारी कोषमा रकम जम्मा गर्न शुरु भएको हो। हालसम्म राष्ट्रियस्तरको कल्याणकारी कोषमा करिब रु २५ अर्ब जम्मा भइसकेको कोषका सदस्यसचिव विष्णुप्रसाद लामिछानेले बताए।

---

## बाबुरामको...

बढेपछि ठाकुर समूह जसपाबाट अलग भएको थियो। ठाकुर पक्षले प्रतिनिधिसभा विघटनको पक्षमा उभिने निर्णय गरेका थिए भने यादव र भट्टराई विपक्षमा उभिएका थिए।

तिनै निर्णयका कारण जसपा विभाजित भयो। सरकारले संसद वा केन्द्रीय कार्य समितिमा २० प्रतिशत पुगे दल विभाजन गर्न सकिने अध्यादेश ल्याएपछि ठाकुर पक्षले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) दर्ता गराएको थियो।

ठाकुर, राजेन्द्र महतो लगायत नेता बाहिरिएर लोसपा बनाएपछि पनि जसपाभित्र समस्या हल हुन सकेन। भट्टराईले यादवलाई एकल अध्यक्ष स्वीकार्न तयार नभएपछि जसपामा मतभेद बढेर गएको छ। भट्टराईले खसआर्य, जनजाति र मधेश क्लस्टरका आधारमा तीन अध्यक्षको प्रस्ताव गरेका छन्। यादवले भने एकल अध्यक्ष हुने अडान लिएका छन्।

भट्टराईको प्रस्ताव अनुमोदन भएमा यादव, भट्टराई र राई अध्यक्ष हुनेछन्। यी तीनै जना पहिले अलग-अलग दलका अध्यक्ष थिए। तर पार्टी एकता गरेपछि भट्टराई केन्द्रीय परिषद् अध्यक्ष, यादव अध्यक्ष र राई वरिष्ठ नेता थिए। तर भट्टराईले एकल अध्यक्ष नमानेपछि जसपा विभाजन उन्मुख देखिएको छ।

## परराष्ट्र ....

गरेको आक्रमण र रूसको सार्वभौमसत्ताप्रति रहेको हाम्रो समर्थनबारे पनि छलफल गऱ्यौं" ब्लिन्केनसँगको कुराकानीपछि गरेको ट्विटमा प्रधानमन्त्री देउवाले भनेका छन्।

सन् १९९३ मै दौत्य सम्बन्ध कायम भएको रुसका विपक्षमा बोल्न नहुने कतिपयको भनाई छ। नेपाल र रुसको सम्बन्ध धेरै पुरानो र आपसी सहकार्य जारी रहेकाले उक्त विषयमा विषयमा नेपाल तटस्थ बस्नुपर्ने आवाज पनि सामाजिक सञ्जालमा देखिएको छ।

गत सोमबार जेनेभामा भएको परिषदको बैठकमा राष्ट्रसंघका लागि युक्रेनका राजदूतले रूसी आक्रमणपछि युक्रेनमा भएको मानव अधिकारबारे आपतकालीन छलफल गर्नुपर्ने प्रस्ताव गरेका थिए। मतदानमा नेपालले युक्रेनको प्रस्तावमाथि छलफल हुनुपर्ने पक्षमा भोट दिएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

युक्रेनको प्रस्तावको पक्षमा २९, अनुपस्थित १३ र मुलुकले विपक्षमा ५ भोट हालेका थिए। भारत मतदानमा अनुपस्थित भएको थियो भने चीनले युक्रेनी प्रस्तावको विपक्षमा मतदान गरेको थियो। परिषद्मा ४७ मुलुक सदस्य छन्।

रुसले विभिन्न आरोप लगाएर युक्रेनमाथि आक्रमण सुरु गरेको हप्ता दिन पुग्न लागिसकेको छ। द्वन्दका कारण ७ लाख बढी नागरिक युक्रेन छोडेर शरणार्थी बन्न पुगेका छन्। धेरै नागरिक छिमेकी मुलुक पोल्याण्ड, हंगेरी स्लोभाकिया लगायत मुलुकहरुको शरणमा पुगेका छन् भने कतिपय अंगभंग भएर बसेका छन्।

यद्यपि, युक्रेनका राष्ट्रपछि भोलोदिमिर जेलेन्स्की रुससँग नडराउने अभिव्यक्ति दिईरहेका छन्। दुई मुलुकले वार्तामार्फत् युद्ध समाधानको उपाय नखोज्ने हो भने दुईदेशको द्वन्दको प्रभाव धेरै मूलुकमा पर्ने निश्चित छ। नेपालले युक्रेनको पक्षमा मतदान गरेपनि छिमेकी मुलुक चीन र भारतले पक्षमा मतदान गरेनन्। भारत तटस्थ बसेको छ भने चीनले विपक्षमा मतदान गरेको छ।

सानो मुलुकमाथि सैन्य कारबाही गर्ने रूसी कदमको संयुक्त राज्य अमेरिका, युरोपियन युनियन, क्यानडा, अष्ट्रेलिया लगायतले भने विरोध गर्दै आइरहेका छन्। अन्तर्राष्ट्रिय सम्बन्धमा पञ्चशीलको सिद्धान्त र अहस्तेक्षपको नीतिलाई जोड दिने चीनले कुनै पनि मुलुकको सार्वभौमिकता र भौगोलिक अखण्डतालाई सम्मान गर्ने कुरालाई आफ्नो विदेश नीतिको आधार स्तम्भ मान्दै आएपनि युक्रेनको भने विपक्षमा उभिएको छ।

## एमाले...

पत्रकारहरुसँगको सभामुख सापकोटाको राजीनामा पर्खिरहेको समेत बताएका थिए। सभामुख सापकोटाले राजीनामा नदिए महाअभियोग आउन सक्ने चेतावनी पनि ओलीले दिएका थिए।

सभामुख सापकोटाको राजीनामा माग भने एमालेको नौलो होइन। गएको २३ भदौदेखि नै एमालेले सभामुख सापकोटाले राजीनामा दिनुपर्ने वा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सहित १४ सांसदलाई पदमुक्त गरिनुपर्ने माग राख्दै आएको छ। तर १४ सांसदलाई पदमुक्त नगरेर एमाले विभाजनमा सहयोग गरेको भन्दै एमालेले संघीय संसद अवरोध गर्दै आएको छ।

बुधबारको प्रतिनिधिसभा बैठक पनि एमालेले अवरोध जनाएको छ। तर एमालेको अवरोधबीच संसद चल्दै आएको छ। चालु आर्थिक वर्षको संशोधित बजेट ल्याउनेदेखि एमसीसी अनुमोदनसम्म एमालेको अवरोधबीच भइसकेको छ। तर एमालेले सभामुखको राजीनामा माग्न छोडेको छैन भने सभामुख सापकोटा पनि बक्तव्यबाजीमा उत्रिएका छन्।

## भिजिट...

जहाज भाडाको कारण कामदार र व्यवसायी समस्यामा रहेका थिए।

माघ महिनामा ५४ हजार ४ सय ६५ जनाको श्रम स्वीकृति भएको थियो। वैदेशिक रोजगार विभागको तथ्यांकमा पहिलोपटक वैदेशिक रोजगारीमा जाने ३० हजार भन्दा केही बढी छन्। जहाज भाडामा आएको कमीले उनीहरूलाई लाभ भएको छ।

## कल्याणकारी...

मात्र नियमितरूपमा योगदान रकम जम्मा गरेका छन्। रोजगारदाता र श्रमिकबीचको सौहाद्रपूर्ण सम्बन्धले औद्योगिक विकास एवं रोजगारी सिर्जना गर्न सहयोग गर्छ,' उनले भने।

श्रमिक अस्पताल बनाउन मन्त्रिपरिषद्ले सहमति दिएकाले आवश्यक तयारी शुरु गरिएको उनले बताए। मन्त्री श्रेष्ठले

Karnali Province Government

Ministry of Industry, Tourism, Forest and Environment

Division Forest Office Jajarkot

Khalanga

Invitation for Bids (IFB)

IFB NO.: 02/DFO/JKT/2078/079 and 02/DFO/JKT/02/2078-79

Date of First Publication: 2078/11/18 (2nd march 2022)

Last date for Bid Submission: On or before 12:00 Noon on 2078/12/18 (1 April 2022)

Bid Opening date and Location: at 13:00 PM on 2078/12/18 (1 April 2022)) at Division Forest Jajarkot, Khalanga

1. Division Forest Office (DFO) Jajarkot invites NCB from eligible domestic Bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Name of Project/Work Description | Estimated Amount Excluding VAT (NRs.) | Bid Security Amount (NRs.) | Bid/Bid Security Validity Period | Bid Document Fees (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | DFO/JKT/W/NCB/03/078/079 | Construction of Malika temple at Chhedagadh 02, Jajarkot | 88,88,784.55 | 2,67,000 | 90/120 | 3,000 |
| 2 | DFO/JKT/W/NCB/04/078/079 | Construction of kushemushe chakhure tourism infra-structure at Barekot, Jajarkot | 88,88,784.55 | 2,67,000 | 90/120 | 3,000 |

2. Eligible Bidders may refer complete set of Bid document for further information at DFO Jajarkot, Telephone No: 089-430271 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp

3. Bidder shall have the option of submitting their bids electronically only. Submission of Hard copy bids shall not be entertained.

Government of Nepal

Ministry of Physical Infrastructure and Transport

Department of Roads

Federal Road Supervision & Monitoring Office, Itahari

ROAD DIVISION ILAM

Invitation for Bids No: 09-078-79

Date of first publication: 2078/11/19(2022/03/03)

1. Road Division Ilam invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and location of work | Estimated Amount Without VAT and PS (NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period | Bid document Fee NRs. |
|---|---|---|---|---|---|
| RDILAM/337310113/078/79/38 | Rehabilitation Works Along Fikkal Pashupatinagar Road | - | 811,000.00 | 120 days | 5,000.00 |
| RDILAM/337310113/078/79/39 | Rehabilitation Works of Mechi highway By-pass Ilam | 16,965,554.87 | 540,000.00 | 120 days | 3,000.00 |

2. Deadline for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | Revenue a/c No. | 00101000000001001001 | Office code | 337010301 |
| | | | | Revenue Heading No. | 14229 | Bank | Nepal Bank Ltd, Ilam |
| Date | Time | Date | Time | Name of Office | Financial Comptroller General Office | | |
| 2078/12/20 | 12:00 | 2078/12/20 | 13:00 | Deposit A/c No. | 04001000002003000001 | Office code | 337010301 |
| | | | | Name of Office | District Treasury Controller Office, Ilam | | |
| | | | | Bank | Nepal Bank Ltd, Ilam | | |

- Eligible Bidders may obtain further information at Road Division Ilam (Tel: :027-520049, email:droilam72@gmail.com or may visit PPMO's website http://bolpatra.gov.np/egp.

Division Chief

# शेर्पा समुदायले ग्याल्पो ल्होसार मनाउँदै



**काठमाडौं/मस**–प्रत्येक वर्ष फागुन शुक्ल प्रतिपदाका दिन शेर्पा समुदायले मनाउने सांस्कृतिक पर्व ग्याल्पो ल्होसार विविध कार्यक्रम आयोजना गरी आज मनाइँदैछ।

नयाँ वर्षका रूपमा शेर्पा समुदायले २१४९ औं ग्याल्पो ल्होसार मनाउन लागेका हुन्। मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र बराह गरी १२ वर्गमा ग्याल्पो ल्होसारलाई विभाजन गरिएको छ।

ग्याल्पो ल्होसार फागुन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म विविध कार्यक्रम आयोजना गरी भव्य रूपमा मनाइन्छ।

ग्याल्पो ल्होसार भोटका नवौं राजा उदे गुङ्यालका पालादेखि वसन्त पर्वका नामले मनाउन शुरु गरिएको हो।

विगतमा हिमाली क्षेत्रका १२ जिल्लामा मनाइने ग्याल्पो ल्होसार हाल २२ जिल्लामा मनाइन्छ। शेर्पा जातिको बसाइसराइसँगै यो पर्व मनाउने जिल्ला बढेको हो।

यसैबीच सरकारले ग्याल्पो ल्होसारका उपलक्ष्यमा मुलुकभर बिहीबार सार्वजनिक बिदा दिएको छ। यही फागुन १६ गते बसेको मन्त्रिपरिषद्को निर्णयानुसार बिदा दिइएको गृह मन्त्रालयले एक सूचना जारी गरी जनाएको छ।

'फागुन १९ गते बिहीबार ग्याल्पो ल्होसारको उपलक्ष्यमा नेपाल राज्यभरका सबै सरकारी कार्यालय, सार्वजनिक संघ/संस्थाहरुमा सार्वजनिक बिदा दिने नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय भएको हुँदा सबैमा जानकारीका लागि सूचना प्रकाशित गरिएको छ', मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख छ।

# पशुपतिमा चार प्रहरको पूजा, करिब १० लाखले गरे दर्शन

**काठमाडौं/मस**-पशुपतिनाथमा महाशिवरात्रिको चार प्रहरको पूजा सकिएको छ। मंगलबार बेलुकी सूर्यास्तपछि सुरु भएको महाशिवरात्रिको चार प्रहरको पूजाआजा बुधबार बिहान ५:१० बजे सकिएको मन्दिरभित्र कार्यरत कोषका वरिष्ठ सहायक वरुण खतिवडाले जानकारी दिए।

महाशिवरात्रिका अवसरमा पशुपतिनाथलगायत देशभरका शिवालयमा मंगलबारदेखि शुरु भएको भक्तजनको भीड बुधबार बिहानसम्म पनि कायम रहेको थियो। बुधबार बिहान ६ बजेपछि भने पशुपति क्षेत्रमा केही मात्रामा भक्तजन घटेको कोषले जनाएको छ। महाशिवरात्रि भएकाले रातभर मन्दिर बन्द गरिएन। मूल सडकबाट मन्दिर क्षेत्र प्रवेश गर्ने मूलढोका पनि राति बन्द भएन। राति १० बजेपछि पनि पशुपतिनाथ मुख्य क्षेत्र प्रवेश गर्ने बाहिरी ढोकासम्म भक्तजन लाइनमा बसेको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए।

विगत वर्षमा राति १० बजेपछि पशुपतिनाथको मुख्य क्षेत्र प्रवेश गर्ने मूलढोकाभित्र लाइन पुग्ने गरेकाले मूलढोका बन्द गरेर चार प्रहर पूजा समापन गरिन्थ्यो। यो वर्ष भने धेरै भक्तजन राति लाइनमा बसेकाले मूलढोका बन्द नगरिएको उनले बताए। बिजुली बत्तीको आकर्षण हेर्न बेलुकी भक्तजन ओइरिएका थिए। महाशिवरात्रिका अवसरमा पशुपतिनाथ मूल मन्दिर प्रवेश गरी करिब १० लाख भक्तजनले दर्शन गरेको कोषले जनाएको छ।


## जापानमा रोजगारको अवसर

**१. कम्पनी: HOKURIKU ROAD SERVICE BUSINESS COOPERATIVE** **शहर: JAPAN**
**पूर्व स्वीकृत मिति: २०७८/११/१८** **चलानी नं.: ६०१७५३००** LT. No.: 258910

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technical Intern Training (Dyeing) | 0 | 10 | स. काममा दक्ष | 138300 | १,४५,२१५ | क.नि. अनुसार | ७.५ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**२. कम्पनी: HOKUSO MEAT COOPERATIVE** **शहर: JAPAN**
**पूर्व स्वीकृत मिति: २०७८/११/१८** **चलानी नं.: ६०१७५३०७** LT. No.: 258106

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technical Intern Training (Beef And Pork Processing Industry) | 4 | 2 | स. काममा दक्ष | 162010 | १,७०,११० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन ३० गते (14 March 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.३०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च : जम्मा रू ३०,०००।- मात्र**
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालयमा २०७८/११/३० गते मध्यान्ह १२:०० बजे ZOOM बाट हुनेछ।**
**नोट : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्।
५) अनिवार्य रुपमा विमा गराउनुहोस्।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्। **नोट: जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ। जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ।**

**नाप ईन्टरनेशनल प्रा. लि.** श्रम ईजाजत नं. ३६९/०५९/६०
सामाखुसी–२६, काठमाडौं, नेपाल, फोन नः ४३८७९१२, ४३८९१७८, ९८४५४७४२९८


# जन्मदिनमा २ सय विद्यार्थीलाई झोला



**माधव बेल्वासे/मध्यान्ह**
कपिलवस्तु, १८ फागुन

कपिलवस्तुको शिवराज नगरपालिका वडा न ३ निवासी इश्वरी प्रसाद पाण्डेले आफ्नो जन्मदिनको अवसरमा बालबालिकालाई स्कुल झोला वितरण गरेका छन्।

उनले आफ्नो ५७ औं जन्म उत्सवको अवसरमा शिवराज नगरपालिका वडा नं. ८ मा रहेको लक्ष्मणपुर आधारभुत विद्यालयमा अध्यानरत कक्षा ५ कक्षा सम्मका २ सय ६ जना बालबालिकालाई झोला वितरण गरेका हुन्।

धर्मपत्नीसहित विद्यालयमा पुगेका पाण्डेले झोला सहयोग गरेपछि विद्यार्थीहरु खुसी भएका छन्। जन्मदिनको अवसरमा फजुल खर्च नगरि प्रत्येक वर्ष बालबालिकाहरुलाई सहयोग गर्दै आएको पाण्डेले बताए।

आफुले अध्यायन गर्दा परेका समस्याहरु स्मरण गर्दै पाण्डेले वर्षेनी विपन्न बालबालिकालाई सहयोग गरेको बताए। 'मैले धेरै दुखका साथ अध्यायन गरेको हुँ, त्यसबेलाको पिडालाई सचेर अहिले विद्यार्थीहरुलाई सहयोग गरेको छु' पाण्डेले भने, 'विगतमा चन्द्रौटा क्षेत्रमा राम्रो विद्यालय नहुँदा अग्रसर भएर विद्यालय संचालन गरेको छु।' विद्यालयमा आयोजित झोला वितरण कार्यक्रममा बोल्दै शिवराज नगरपालिका वडा ८ का वडा अध्यक्ष शंकर अहिरले पाण्डेले विद्यार्थी प्रति गरेको लगानीले विद्यार्थीहरुलाई शिक्षण आर्जनमा थप प्रेरणा मिल्ने बताए।

कार्यक्रममा बासुदेव जम्मरकट्टेलले समाज परिवर्तन गर्न शिक्षामा गुणस्तरीयता हुनुपर्ने बताए। भौतिक संरचना सगै शैक्षिक गुणस्तरीयता नभएमा विद्यार्थीहरुको भविष्य सनिश्चित नहुने भन्दै यसमा सबैले सहयोग गर्नुपर्ने बताए।

विद्यालयका प्रधानाध्यापक हकीम मुसलमानले निजि क्षेत्रबाट पहिलो पटक विद्यालयलाई सहयोग आएको बताए। शिक्षण पेशमा लागेको ३३ वर्ष पुग्दाको अनुभव सुनाउँदै अहिले सम्म विद्यालयलाई निजि क्षेत्रबाट सहयोग नभएको जिकिर गरे। जन्मदिनमा ठूला-ठूला होटेलमा गएर धेरै पैसा खर्च गर्नेहरुले इश्वरी पाण्डेबाट केहि सिक्नुपर्ने भन्दै झोला सहयोगको लागि धन्यवाद दिए। पाण्डेले नेपाली कांग्रेसका जिल्ला सदस्य,चन्द्रौटा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष लगायत विभिन्न संघसंस्थामा आवद्ध छन्।

# दार्चुलाका सबै विद्यालयमा स्वास्थ्य शिविर



**दार्चुला/मस**– दार्चुलाका सबै विद्यालयमा स्वास्थ्य शिविर सञ्चालन गरेको छ। विद्यार्थीहरूको स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य कार्यालय दार्चुलाले विद्यालयमै शिविर सञ्चालन गरेको हो।

शिविरमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको कान, दाँत र आँखाको चेकजाँच तथा उपचारका लागि दार्चुला जिल्लाभरिका १७ विद्यालयमा स्वास्थ्य शिविर सञ्चालन गरिएको स्वास्थ्य कार्यालय दार्चुलाका सूचना अधिकारी खगेन्द्र कार्कीले जानकारी दिए।

दार्चुलाका नौवटा स्थानीय तहहरूका दुई/दुई वटा विद्यालयहरुमा यो शिविर शिविर सञ्चालन गरिनेछ। सम्बन्धित् स्थानीय तहसँगको समन्वयमा बढी विद्यार्थी संख्या भएका विद्यालयहरू छनोट गरि स्वास्थ्य शिविर सञ्चालन गरिने कार्कीले बताए।

हाल ब्यास गाउँपालिका र दुँहु गाउँपालिकाको विद्यालयहरुमा स्वास्थ्य शिविर सम्पन्न भएको छ भने अन्य स्थानीय तहका विद्यालयमा शिविर सञ्चालन हुन बाँकी छ।

प्रत्येक विद्यालयमा दाँत र कानसम्बन्धी समस्या भएका ३०/४० जना विद्यार्थी भेटिएका छन्। उनीहरूलाई औषधि वितरण गरिएको छ। विद्यार्थीहरूको आँखा, कान र दाँत परीक्षणका लागि स्वास्थ्य कार्यालय दार्चुलाबाट तथा आँखा उपचार केन्द्रबाट दुई जनाको टोली आवश्यक परीक्षण सामग्री तथा औषधि बोकेर विद्यालयमा पुगेको हो।

# विराटनगर भन्सारमा लक्ष्य भन्दा कम राजश्व संकलन

**मोरङ/मस**– विराटनगर भन्सारमा लक्ष्य भन्दा कम राजश्व संकलन भएको छ। विराटनगर स्थित भन्सार कार्यालयले पछिल्लो सात महिनामा निर्धारित लक्ष्यभन्दा तीन अर्ब रुपैयाँ कम राजश्व संकलन भएको जनाएको छ।

कार्यालयका अनुसार यो अवधिका लागि २८ अर्ब ८० करोड ७७ लाख ५२ हजार रुपैयाँ बराबरको राजश्व संकलन लक्ष्य राखिए पनि २४ अर्ब ८४ करोड ४१ लाख रुपैयाँ संकलन भएको हो।

कार्यालयका प्रवक्ता रामचन्द्र ढुंगानाले सातमहिनामा कोभिड-१९, सडक, सरकारले आयातमा गरेको कडाई, मीरगञ्ज पुलको समस्या लगायतका कारण लक्ष्यभन्दा कम राजश्व संकलन भएको बताए।

भन्सार कार्यालयका अनुसार गत साउन महिनामा ३ अर्ब ३४ करोड ९६ लाख ९८ हजार रुपैयाँ राजस्व संकलन गरेको हो। सो महिनाका लागि राजश्व लक्ष्य ३ अर्ब ४३ करोड ९१ लाख ६१ हजार तोकिएको थियो॥ साउनमा राखिएको लक्ष्य अनुरुप सर्वाधिक ९६.५६ प्रतिशत राजश्व असुली भएको छ।

त्यसैगरि भदौमा ४ अर्ब १६ करोड ८ लाख ८१ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य तोकिए पनि ३ अर्ब ८६ करोड ९७ लाख १३ हजार रुपैयाँ मात्र संकलन भएको थियो। चाडपर्वको महिना असोजमा समेत कार्यालयमा ३ अर्ब ७९ करोड २४ लाख १९ हजार रुपैयाँ मात्रै राजस्व संकलन भएको थियो। त्यस महिनाका लागि कार्यालयले ४ अर्ब ९ करोड ४७ लाख २८ हजार लक्ष्य तोकेको थियो। कात्तिक महिनामा कार्यालयले ४ अर्ब २३ करोड २३ लाख २५ हजार रुपैयाँ लक्ष्य तोकेको भए पनि कुल ३ अर्ब ५६ करोड ५ लाख १२ हजार रुपैयाँ मात्र राजस्व दाखिला भएको छ।

कार्यालयले मंसिरमा ४ अर्ब १७ करोड ५६ लाख ३६ हजार रुपैयाँ लक्ष्य राखेको थियो।


## नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०७८/११/१९**
**मिराइ एजुकेशन फाउण्डेसन प्रा.लि.**को मिति २०७८/११/११ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कोष्टलाईन एजुकेशन एण्ड भिजा सर्भिसेज प्रा.लि (प्रा.लि. नं. १३९४१८)** कायम गर्ने गरी मिति २०७८/११/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७८/११/१९**
**पर्सा वर्कशप एण्ड स्टील सप्लायर्स प्रा.लि.** को मिति २०७८/१०/२९ गते बसेको विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ट्रयाक्टर बजार प्रा.लि. (प्रा.लि.नं.: २४२५२८)**, कायम गर्ने गरी मिति २०७८/११/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## साउदीमा बैदेशिक रोजगारको अवसर

**कम्पनी :Jawa Human Resources Co.** शहर: **Saudi Arabia, Al-Khobar**
पूर्व स्वीकृती मिति : २०७८/११/०५ चलानी नं.६०१७४६६७ **LT No. 258224**

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Common Worker | 100 | काममा दक्ष | 1000 | ३२,२०० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | नि:शुल्क | नि:शुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौँमा २०७८ फागुन २६, २७, २८ र २९ गते **(10-13 Mar, 2022)** मा हुनेछ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला।

**Empire International Pvt. Ltd.** Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np

## कुवेतमा रोजगारको अवसर

**कम्पनी: SAFA INTERNATIONAL CO.SWEET AND CONFECTIONERY** **शहर: KUWAIT**
पूर्व स्वीकृत मिति: २०७६/१०/२६ चलानी नं.: ६०१५१४१४ **L.T. No.: 232277** पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 10 | स. काममा दक्ष | 100 | ३९,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**यसै कम्पनीको लागि Female Waiters and Cleaner हरूको पनि माग भएकाले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुन २६ गते (10 March 2022) मा हुनेछ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Samridhha Human Resources Pvt. Ltd.**
Hattigaunda-08, Kathmandu, Tel: 01-4371370, 4371369, 9813033715
9851315449, Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com
Gov. Lic No. 1045/073/074

## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com
१९ फागुन २०७८, बिहीबार
3 March 2022, Thursday

## सम्पादकीय

# छोरीहरुको पीर

संगीत हृदयको झङ्कार हो, भनिन्छ । पीडा, खुशी, वेदना र रोमाञ्चकता संगीत नामक मालाका फूल हुन् । यसमा आपत्ति र अलग मत राख्नेहरू पनि होलान् । थप उपमा दिनेहरू पनि होलान् । तर जीवन र अभिछिन्न संस्कृतिसँग संगीत जोडिर बगेको छ । जीवनपद्धती बनेको छ । संगीत हटाइदिने हो भने जीवन खण्डहर बन्छन् भन्ने मत पनि छ । जीवनपद्धतिको लय जसरी बगेको छ, संगीत क्षेत्रले पनि आफूमा रंग भरेको छ । अर्थात् आजको विश्व दुनियाँमा संगीत व्यावसायिक बन्न पुगेको छ । नेपाली समाजमा भने संगीतमा लाग्नेहरूलाई अलग जातिकै वर्गीकरण गरियो । भलै, त्यो विभेदमा आधारित थियो । तर आज संगीत रोजाइको क्षेत्र बनेको छ । संगीतको मूल्य छ, बजार भाऊ छ । त्यसैले विश्वभर संगीत क्षेत्रमा लाग्नेहरूको पंक्ति विशाल छ ।

तर जसरी व्यावसायिक रूप धारण भएको छ, उसैगरी यो क्षेत्रमा अनेक समस्या र विवाद सिर्जना हुने गरेको छ । नेपाली संगीत क्षेत्रले पनि साना-ठूला समस्या भोग्दै आएको छ । यसपटक फेरि कलाकार पल शाहसँग जोडिएको प्रकरणले संगीत क्षेत्र तरंगित छ । एक गायिकाले पललाई बलात्कारको आरोप लगाएकी छन् । उनको अभियोगपछि पल शाह पत्राउ परेका छन् । उक्त प्रकरणमा अनेक आशंका सहित बजार बहसमा देखिन्छ । उजुरीलाई आधार मान्ने हो भने ती गायिका नाबालिका छिन् । उनीमाथि चलचित्र क्षेत्रमा स्थापित शाहले पटकपटक जबर्जस्तीकरणी गरेका छन् । अब यसको छिनोफानो अनुसन्धानका क्रममा उपलब्ध तथ्यहरूको आधारमा न्यायालयले गर्नेछन् ।

तर यो प्रकरणका केही प्रारम्भिक सन्देश भने प्रवाहित भइसकेको छ । त्यसैआधारमा धारणा बनाउनेहरूको जमात ठूलै छ । एकाथरीले अर्का कलाकार दुर्गेश थापा सहितले पल शाहलाई फसाउने रचित कथ्य आरोप भनिरहेका छन् । तर अर्कातिर ती गायिका नाबालिका रहेकीले उनलाई न्याय माग्नेहरू छन् । आरोपितमाथि कानुनी सजाय मागिरहेका छन् । यसअघि पनि महिला कलाकारमाथि हुने हिंसा जडित प्रकरण आउने र फेरि हराएर जाने गरेका थुप्रै नजीर छन् । त्यही प्रवृत्ति यसपटक दोहोरिएको छ । निसाफ न्यायालयले जे देलान्, तर ती नाबालिका समस्याको केन्द्रमा देखिएकी छन् । जसलाई न्यायोचित निर्णयले मात्रै सच्याउने प्रष्ट छ । अर्थात्, जीवनसँग जोडिएको संगीतमा पनि अन्य क्षेत्रजस्तै छोरीहरू नै अचानो बनेको प्रष्ट हुन्छ । जुन प्राकृतिक र संवैधानिक न्यायका दृष्टि अनुचित छ, नसच्याइ हुँदै नहुने छ ।

# एमसीसी र विभाजित राजनीति

आज एमसीसी विरोधी बृहत राष्ट्रवादी मोर्चा बन्न सकेमा यो व्यवस्था ढल्ने छ । संसदवादले राष्ट्रियताको रक्षा गर्न सक्दैन भन्ने प्रष्ट भएको छ । संसदवादी दलहरू अमेरिकी उपनिवेशको शिकार बनेका छन् ।

### कम्युनिष्ट विरोधी नीति

अमेरिका कम्युनिष्टप्रति निकै असहिष्णु छ भन्ने तथ्य आजको ध्रुव सत्य हो । यो तथ्यलाई बुझ्दा बुझ्दै पनि नेपालका संसदवादी कम्युनिष्टहरु उसको दलाली गर्न तछाडमछाड र प्रतिस्पर्धाले स्पष्ट गरेको छ । कम्युनिष्ट मात्रै हैन भुपु कम्युनिष्टप्रति समेत ऊ कठोर र फासीवादी छ । अमेरिका आज रुससँग किन लड्दैछ ? स्पष्ट छ, अमेरिकालाई रुसलाई पूर्वसमाजवादी देश भएको नाताले सिध्याउन चाहन्छ । हामीले नेपालको बारेमा बहस गर्नुपर्ने छ । हामीलाई थाहा छ, अमेरिका चीनविरुद्धको सम्भावित युद्धमा छ । चीनको विनाश अमेरिकाको मूल उद्देश्य हो । चीनविरुद्ध अमेरिकाले भारतलाई समाहित गरिसकेको छ । अब चीनविरुद्ध नेपालको भूमि उसले कब्जा गर्नैपर्ने छ । अहिले एमसीसीको नाममा ऊ पसिसकेको छ । यसलाई नेपालको संसदबाट अनुमोदन गराएर वैधानिक हस्तक्षेप गर्ने उसको मनशाय प्रष्ट छ ।

हामीलाई कुनै भ्रम छैन, नेपालमा अमेरिका कम्युनिष्टहरुलाई समाप्त गर्न चाहन्छ । हामीले देख्यौं कम्युनिष्टका विरुद्ध कम्युनिष्ट लडाएर सजिलो विधि प्रयोग गर्दैछ । दलाल बनाई बनाई बिरालाले मुसा खेलाए जस्तै कम्युनिष्टलाई सिध्याउँदैछ । आज माओवादी केन्द्र र एकीकृत समाजवादीको अवस्था त्यस्तै छ, जुन हिजो केपी शर्मा ओली नेतृत्वको पार्टीको थियो । उसको मिसन स्पष्ट छ, कम्युनिष्टहरुलाई सिध्याउने । एमसीसी सम्झौता सदनबाट पारित भयो भने कम्युनिष्ट पार्टीहरुले चुनाव जित्ने वा सरकार चलाउने सपना नदेखे हुन्छ । पूर्व कम्युनिष्टहरुले पनि धेरै न्याल नकाड्दा हुन्छ । हामी स्पष्ट हुनुपर्छ, चीनविरुद्ध अमेरिकाले युद्ध शुरु गरिसकेको छ । चीनविरुद्धको युद्ध भनेकै कम्युनिष्टविरुद्ध युद्ध पनि हो । नेपालमा पनि कम्युनिष्ट सिध्याउने गेम प्लान भइसकेको छ । दुई तिहाई ल्याएका कम्युनिष्टहरु आफ्नै बृद्धि र चेतनाका कारण सडकमा छन् । भ्रमवश कोही सरकारमा भएपनि क्षणभरमा ती फ्याँकिने छन् । कम्युनिष्ट नामका माओवादी केन्द्र र एकीकृत समाजवादीको एमसीसीमा आत्मसमर्पण देखिएको छ । तर, आत्मसमर्पण गर्दैमा अमेरिकाले उसलाई मित्रशक्ति ठान्दैन ।

अमेरिका युद्ध मनोविज्ञानबाट ग्रसित छ र मौका पर्नासाथ सफाया गर्नु यसको रणनीति हुन्छ । आजसम्मको इतिहासमा कम्युनिष्टप्रति सद्भाव, दयामाया राखेको देखिएको छैन । मेरो विचारमा मिखाइल गोर्भाचोभ यदि सानो देशका भएको भए फासी दिइन्थ्यो । नेपालका नेताहरुमा वस्तुमा आएको परिवर्तनको बारेमा चेत आओस् । केपी ओलीलाई फेरि सरकारमा जाने अनि पुष्पकमल दाहाल र माधव नेपाललाई बेहाल भएको देख्ने अनि हिजोको पैँचो तिर्ने इच्छा छ भने त्यो अर्को धडधडी मात्र हो ।

### दलालीकरण मुख्य हतियार

नेपालका कम्युनिष्टहरुलाई सिध्याउने दुई वटा हतियार छन्, पहिलो हो दलाल बनाउने, प्रलोभन दिने, भ्रष्टिकरण गराउने अनि दोस्रो हो : दलाल नबन्ने विद्रोही शक्तिलाई दमन गर्ने । नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीमाथि लगाइएको प्रतिबन्ध एउटा पछिल्लो उदाहरण हो । विनाकारण प्रतिबन्धन लगाई दमनको योजना बनाइएको थियो । त्यति मात्र हैन उच्च तहका नेताहरुको गिरफ्तारी र हत्या योजना बनाइएकै थियो । जो आत्मसमर्पण गर्दैनन् वा दलाल बन्न तयार हुन्नन्, तिनीहरुलाई दमनबाट सिध्याउने उसको षडयन्त्र हुन्छ । नेपालमा सजिलो पनि छ : कम्युनिष्टका विरुद्ध कम्युनिष्ट लडाउने । बुढानिलकण्ठमा सुतेर बसेका शेरबहादुर देउवालाई बोकेर प्रधानमन्त्री बनाउने माधव नेपाल र पुष्पकमल दाहाललाई सरकारबाट मिल्काई दिन्छु भन्ने धम्की प्रधानमन्त्रीबाट आईसक्यो । त्यतिमात्र हैन ओली र देउवाबीच भेटवार्ता भईसक्यो । यसको अर्थ के हो ? यसको सिधा अर्थ हो : एमसीसी पास गर्ने कि सडकमा जाने ? मित्र र दुश्मन छुट्याउन नसकेपछि हुने यस्तै नै हो । पक्षधरताको चेतना पतन भएपछि हुने परिणाम यही नै हो । अब एमाले र ओलीको पालो आउन सक्छ । बिरालो र मुसाको कथामा अब अर्को मुसा बन्न केपी ओली र एमाले तयार होलान् कि नहोलान् ? उनीहरुको आजसम्मको प्रवृत्तिका हिसाबले फेरि पनि उनीहरु हस्याङ्ग फस्याङ्ग गर्दै सरकारमा जानेछन् ।

### फुटाऊ र राज गरको नीतिमा

अमेरिकाका लागि नेपालको भूमि ठूलो रणनीतिक महत्वको क्षेत्र बनेको छ । चीनका विरुद्ध नेपालको भूमि प्रयोग गर्ने रणनीति अमेरिकाको छ । नेपालका संसदवादी नेताहरुको दलाल मनोविज्ञानलाई उसले राम्ररी बुझेको छ । शुरुमा गोप्य र शान्त वा शालीन ढंगले प्रस्तुत भयो । जब जनमत

**अग्रलेख**



● विष्णु पन्त



> राष्ट्रवाद साम्राज्यवादको निशानामा पर्छ भन्ने तथ्य अर्को सत्य हो । नेपालमा मदन भण्डारीको हत्या, राजा विरेन्द्रको वंशनाशलाई विदेशी षडयन्त्रका रूपमा बुझ्नु पर्दछ । राष्ट्रिय स्वाधिनताका नारा लोकप्रिय र सशक्त बन्नासाथ हस्तक्षेपहरू कमजोर हुन्छन् । हाम्रोमा वैदेशिक सहयोगको स्वीकार्यताका लागि एउटा राष्ट्रिय सहमति वा प्रतिबद्धता पत्र बनाउने तर्फ पनि कुनै संसदवादी दलहरूले सोंच्न सकेनन् ।

एमसीसी सम्झौताविरुद्ध भड्कीयो तब ऊ विस्तारै धम्कीको भाषा बोल्यो । शुरुमा शेरबहादुर देउवा र पुष्पकमल दाहालले एमसीसीलाई लेखेको पत्र सार्वजनिक गरेर धम्की दियो । त्यसपछि नेताहरुलाई फोनमार्फत धम्की दियो । यी घटनाहरुले एमसीसीको उद्देश्य आम जनतामा छताछुल्ल बन्यो । यो कुनै अनुदान वा सहयोग हैन हस्तक्षेप हो भन्ने पुष्टि भयो । आज आम जनतामा विभाजन आएको छ । सबै दल, समूह, क्षेत्र र समाजका विभाजन र पक्ष विपक्ष भएको छ । प्रश्न उठ्छ, राजनीतिक दल र नेताहरु देशका लागि सोंच्छन् कि विदेशीहरुका लागि ? देशभित्र द्वन्द्व चर्काएर विदेशीहरुको गुमाल बन्ने छुट हुँदैन ।

### राष्ट्रवादी शक्तिमाथि आक्रमण

राष्ट्रवाद साम्राज्यवादको निशानामा पर्छ भन्ने तथ्य अर्को सत्य हो । नेपालमा मदन भण्डारीको हत्या, राजा विरेन्द्रको वंशनाशलाई विदेशी षडयन्त्रका रुपमा बुझ्नु पर्दछ । राष्ट्रिय स्वाधिनताका नारा लोकप्रिय र सशक्त बन्नासाथ हस्तक्षेपहरु कमजोर हुन्छन् । हाम्रोमा वैदेशिक सहयोगको स्वीकार्यताका लागि एउटा राष्ट्रिय सहमति वा प्रतिबद्धता पत्र बनाउने तर्फ पनि कुनै संसदवादी दलहरुले सोंच्न सकेनन् । निःशर्त सहयोग वा अनुदानलाई मात्र स्वागत गर्ने हाम्रो राष्ट्रिय बन्न सकेको भए आज एमसीसीको विवाद आउने थिएन । विचार आएमा कुनै विवाद भएन तर, एमसीसी राष्ट्रिय युद्धको विषय बन्यो ।

### एमसीसीमा चीन र अमेरिकाबीचको शीतयुद्ध

